# अन्नपूर्ण गाउँपालिका
Annapurna Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipality Executive
माछापोखरी, कास्की (Machhapokhari, Kaski) गण्डकी प्रदेश नेपा
Gandaki Province, Nep

पत्रसंख्या/Letter No:

चलानी नं./Issue No: मिति/Date: २०७६।१०।१

विषय (Subject): रोजगार संयोजक पदमा रिक्त करारमा पदपुर्तिका लागि दरखास्त आब्हानको शशोधित सुचना।

श्री (Shree) (प्रथम पटक प्रकाशित मिति २०७६।१०।०६)

अन्नपूर्ण गाउँपालिकामा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रिक्त रहेको रोजगार संयोजक पदका लागि खुल्ला प्रतिस्पर्धावाट करारमा कर्मचारी नियुक्ती गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकवाट प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र (मिति २०७६/१०/२० गते कार्यालय समय सम्म) रितपुर्वकको दरखास्त आब्हान गरिन्छ।

१. पद :रोजगार संयोजक(शाखा अधिकृत सरह)

२. माग संख्या : १ (एक)

३.आवश्यक न्युनतम योग्यता

(क) मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको

(ख) दरखास्त दिने अन्तिम मिति सम्म २१ बर्ष पुरा भइ ४५ बर्ष ननाघेको

(ग) भविश्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरिएको

४. करार अवधि : २०७७ असार मसान्त सम्म (नविकरण हुन सक्ने)

५. काम गर्नुपर्ने स्थान : अन्नपूर्ण गाउँपालकाको कार्यालय र अन्तर्गतका वडाहरु

६. आवश्यक कागजातहरु :

(क) नेपाली नागरिकताको प्रमाणीत प्रतिलिपी १ प्रति

(ख) हाल सालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति

(ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी एक एक प्रति

(घ) कार्य अनुभव र तालिम भए सोको प्रतिलिपी एक एक प्रति

७. आवेदन दस्तुर:रु १०००।

८. परिक्षाको किसीम र पाठ्यक्रम : रोजगार संयोजकको पद पुर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६ बमोजिम हुनेछ।

९. प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन; २०७६।१०।२६

१०. परिक्षा मिति र स्थान : पछी तोकिने छ।

११. प्रारम्भिक योग्यताक्रम सूचीमा छनौटका लागि गाउँपालिकाको स्थायी वासिन्दा, न्युनतम भन्दा उपल्लो शैक्षिक योग्यता भएको र कार्य अनुभव भएको उम्मेदवार लाइ प्राथमिकता दिइने छ। साथै सूचीमा पर्न सफल उम्मेदवार लाइ मात्र लिखित परिक्षा र कम्प्युटर सिप परिक्षणमा समावेश गरिनेछ।

१२. दर्खास्त फारम अन्नपूर्ण गाउँपालिकाको कार्यालयवाट उपलब्ध गराइने छ। म्याद नाघि आएका र रित नपुगेका दर्खास्त उपर कुनै कारवाही गरिने छैन।

१३. सेवा सुविधा: नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको रोजगार संयोजकको पद पुर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६ बमोजिम हुनेछ।

नोट : अन्य थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। (सम्पर्क नं. ९८५६०५४३००प्रमुख प्रशासकीय अधिकृत, ०६१-४१४१०१ प्रशासन शाखा)

२०७६/१०/१९

अधिकारी